आज मिति २०७८/३/१५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

खिमनारायण मानन्धर
अध्यक्ष

हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चित्रेभञ्ज्याङ, स्याङ्जा
२०७३

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | सन्दिप लम्साल | प्र.क.अ. | हरिनास गाउँपालिका स्याङ्जा |
| | महेश्वर अर्याल | योजना अधिकृत | हरिनास गाउँपालिका स्याङ्जा |
| | नोल वहादुर थापा | सहायक पाचौ | हरिनास गाउँपालिका स्याङ्जा |

निर्णय नं. १

निर्णय नं. १ मा छलफल गर्दा आर्थिक विधेयक २०७८ र विनियोजन ऐन २०७८ मा समेटिइ गाउँसभामा पेश भएक योजनाहरुलाइ कार्यन्वयन गर्ने गरी विनियोजन ऐन २०७८ लाइ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं. २ मा छलफल गर्दा आ.व. २०७७/०७८ मा कार्यपालिका वाट भएका निर्णयहरु, कृषि कार्यक्रममा विनियोजन भएका रकमको कार्यहरु, जनता संगअध्यक्ष कार्यक्रमहरु खानेपानी सम्वन्धि भएका कार्यहरु सम्पूर्ण योजना तथा निर्णयहरुलाइ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय न. ३

निर्णय नं ३ माथि छलफल गर्दा यस हरिनास गाउँपालिका कार्यालय र अन्तरगत कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको २०७९ असाढ मसान्त सम्मको म्याद थप गर्ने साथै लघु उद्यम विकास सहजकर्ता कल्पना के.सी.को कार्यसम्पादन सन्तोषजनक नदेखिएकोले म्याद थप गर्ने वा नगर्नेका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

निर्णय नं ३ माथि छलफल गर्दा यस गाउँ पालिकामा संचालन हुने पूजिगत तर्फका योजनाहरुको कन्टेजेन्टेन्सी रकम ३ प्रतिशतका दरले कट्टा गर्ने साथै कार्यसम्पादनको आधारवाट उल्लेखित रकम कट्टा गरि भुक्तानी दिनका लागी गाउसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णय नं ४ माथि छलफल गर्दा हरिनास गाउपालिका वार्ड नं. ४ करङस्वारामा खानेपानी योजना सम्झौता भइ कार्य प्रारम्भ भएकोमा बर्षातको समयमा उक्त कार्य सम्पन्न गर्न समस्या देखिएको र म्याद थप गरी दिनु हुन भनी वार्ड कार्यालयबाट सिफारिश समेत आएकोले करङस्वारा खानेपानी उपभोक्ता समिति हरिनास ४ को कार्य संचालन गर्नका लागी म्याद थपका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

निर्णयनं. ५ मा छलफल गर्दा यस हरिनास गाउपालिका कार्यालय वार्ड नं. ४ को चुलीडाडामा रहेको र कार्यालय वरिपरि कुनै व्यक्ति वा संस्थाको नाममा पसल दोकान संचालन भइ नसकेकोले अर्को व्यवस्था नहुदा सम्मका लागी कार्यालयमा कार्यरत कर्मचारीहरुको दिउसोको खाजा / खाना पसल

दोकान भएको ठाउँमा जान करिव १ घण्टा समय लाग्ने हुनाले कार्यालय का कर्मचारीहरु र कार्यालय संगै जोडिएको प्रहरी चौकी एवं आगन्तुक समेतका लागी दिउसोको खाजाको व्यवस्था हुन आवश्यक भएको हुँदा लाग्ने प्रति महिना न्यूनतम रु ५००००/- पचासहजार रकम चालु खर्चको बिबिध शिर्षकबाट भुक्तानी हुने र पचासहजार भन्दा बढी खर्च हुन गएमा कार्यपालिकाको बैठकबाट अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।साथै सभा संचालनका एवं सर्वदलिय बैठक लगायतका सभा गोष्ठीका लागी सभा संचालन खर्च शिर्षकबाट खर्च गर्नका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

निर्णयनं. ६ मा छलफल गर्दा आ.ब. २०७८/०७९ मा संचालन हुने योजनाहरुका सम्वन्धमा उपभोक्ताहरुको सहभागीताको रकम गाउपालिका कार्यालयको संचितकोषमा नगदै जम्मा गर्नका लागी स्थानिय बासिन्दाहरु त्यति सक्षम नदेखिएको भनि सम्वन्धित वार्ड कार्यालयहरुबाट अनुरोध भइ आएकोले सो सम्वन्धमा पालिका स्तरिय वा वार्ड स्तरिय योजनाहरु संचालन हुदा जनसहभागीलाइ नगद रुपैया जम्मा गर्न कठिनाइ पर्न सक्ने हुँदा तोकिएका योजनाहरु उपभोक्ता समिति गठन भइ कार्य प्रारम्भबाट कम्तिमा पनि लागत अनुमानको १० प्रतिशतका दरले श्रमदानलाइ नै जनसहभागी गराउनका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

निर्णय नं. ७ मा छलफल निर्णय नं. १५ मा छलफल गर्दा आ.ब. २०७७/०७८ मा खर्च रकमलाइ अनुमोदन गर्ने आ.ब. २०७८/०७९ को योजना तथा कार्यक्रम पुजिगत / चालु वजेट खर्च गर्नका लागी प्रमुख प्रशासकीय अधिकृत लाइ अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै आ.ब.२०७८/०७९ का लागी गाउसभाबाट पारित भएका योजनाहरु छिटो छरितो कार्य सम्पन्न गर्नका लागी तत्काल उपभोकाता समिति गठन गरी उपभोक्ता समितिबाट काम संचालन गर्नका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

निर्णय नं. ८ मा छलफल गर्दा यस गाउँपालिकाबाट बिगत बर्षहरुमा जारी गरिएको ऐन कार्यविधि नियम हरु यसबर्ष पनि सोही अनुसार हुने गरी जारी भएका ऐन कानून कार्यविधि नियमहरुलाइ आ.ब. २०७८।०७९ मा समेत सोही अनुसार कार्य गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

निर्णय नं. ९ मा छलफल गर्दा चौथो गाउँसभाको निर्णय अनुसार कार्यालयको जिम्मेवारी कार्यचाप तथा कार्यालय समय बाहेक अन्य सार्वजनिक बिदाका दिनमा समेत बसी अतिरिक्त समय काम गर्नु पर्नु भएकोले प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत र लेखापाल३ जना तिनलाइ अतिरिक्त कार्य गरे वापत श्रावण देखि बैशाख सम्म प्रमुख प्रशासकीय अधिकृतलाइ रु १२०००/- , योजना

अधिकृत र लेखापाल जना दुईलाइ रु. ५०००/५००० का दरले यस गाउँसभाबाट समेत विगतमा भएका निर्णयहरुलाइ कार्यान्वयन गरी मिति २०७८ श्रावण १ गते देखि लागु हुने गरी थप अतिरिक्त भत्ता उपलव्ध गराउने निर्णय गरियो । साथै जेठ र असाढ महिनामा योजना फरफारक र कार्यालयको अन्य कार्यले गर्दा अतिरिक्त समय कार्य गर्ने प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत ,लेखापाल र आलेप समेत जना ४ लाइ खाइपाइ आएको मासिक तलव बराबरको सेवा सुविधा उपलव्ध गराउने निर्णय अनुमोदनका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

निर्णय नं. १० मा छलफल गर्दा आ.ब.२०७८/०७९ मा जनता संग अध्यक्ष कार्यक्रममा बिनियोजन भएको रकमका सम्वन्धमा सम्वन्धित वार्ड कार्यालयको सिफारिशमा आवश्यक पर्ने रकम गाउपालिका अध्यक्षबाट योजना/कार्यक्रम संचालनका लागी तोकिदिएका रकमहरुलाइ गाउँसभामा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

निर्णय नं. ११ मा छलफल गर्दा कृषि तथा पशु कार्यक्रम र खानेपानी कार्यक्रममा बिनियोजन भएको रकमका सम्वन्धमा आवश्यकताको पहिचान गरी उल्लेखित कार्यक्रमका लागी रकम बिनियोजन कार्यपालिका लाइ पूर्ण अधिकार दिनका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

CamScanner